सम्बत् २०७५ साल वैशाख ३१ गते सोमबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. सम्माननीय राष्ट्रपतिज्यू समक्ष नेपालको संविधानको धारा ९५ को उपधारा (२) बमोजिम संघीय संसदको दुबै सदनको संयुक्त बैठकलाई संबत् २०७५ साल जेठ ७ गते सोमबारका दिन १६.०० बजे सम्बोधन हुन अनुरोध गर्ने ।

२. भूपरिवेष्टित विकासोन्मुख मुलुकहरूको मन्त्रीस्तरीय बैठकमा माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीको सट्टा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव चन्द्र कुमार घिमिरे सहभागी हुने ।

३. स्वीजरल्याण्डको जेनेभामा हुने विश्व स्वास्थ्य संगठनको महासभामा महासभामा सहभागी हने माननीय स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्रीको नेतृत्वको प्रतिनिधिमण्डलमा श्री महेन्द्रप्रसाद श्रेष्ठ र डा. सन्तोष पौडेललाई थप गर्ने ।

सम्बत् २०७५ साल वैशाख २६ गते बुधबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. अर्थ मन्त्रालय—सार्वजनिक खर्चमा मितव्ययता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा देहायका वुँदाहरु समेत थप गरी स्वीकृत गर्ने ।

- ✓ यस मार्गदर्शनको पालना गर्नु कार्यपालिका, व्यवस्थापिका र न्यायापालिका अन्तर्गतका सबै कार्यालय, सम्बैधानिक निकाय, आयोग, सचिवालय र सबै पदाधिकारी तथा कर्मचारीको कर्तव्य हुनेछ ।
- ✓ प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरू, सबै पदाधिकारी एवं कर्मचारीहरूले समेत प्रस्तुत सार्वजनिक खर्चमा मितव्ययता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को पालना गर्नु गराउनु पर्नेछ ।
- ✓ सार्वजनिक पदमा बहाल रहेका व्यक्तिहरूले सरकारी निकाय, नेपाल सरकारको पूरा वा आंशिक स्वामित्व भएका संस्था, समिति, बोर्ड, परिषद्, प्राधिकरणहरूको बजेट वा सरकारी कोष खर्च गरी प्रकाशन हुने पत्रिका, जर्नल, म्यागजिन आदिमा लेख, रचना, प्रकाशित गरे वापत पारिश्रमिक भुक्तानी नगर्ने ।
- ✓ प्रचलित कानुनबमोजिम आन्तरिक र अन्तिम लेखापरीक्षण गर्दा यस नीतिगत मार्गदर्शनको पालना भए नभएको परीक्षण गर्नु पर्नेछ ।

२. गृह मन्त्रालय—

(क) २०७५ साल बैशाख महिना भित्र घटेका विपद्का कारण मृत्यु भएका मृतकका परिवारलाई तत्काल राहत स्वरुप रु. १,००,०००।- (अक्षेरुपि एक लाख रुपैयाँ) रकम उपलब्ध गराउन तथा अन्य घर (आवास) लगायत क्षतिको विवरण शीघ्र संकलन गरी क्षतिको आधारमा पीडितहरुलाई प्रकोप पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०७४ (छैठौं संशोधन, २०७४) बमोजिम तत्काल गुजाराको लागि रु. १०,०००।- (अक्षेरुपि दश हजार रुपैयाँ) सम्म र क्षतिको

आधारमा घरको छाना छाउन जस्तापाता, खपडा वा अन्य निर्माण सामग्रीका लागि बढीमा रु. १५,०००।- (अक्षेरुपि पन्ध्र हजार रुपैयाँ) सम्म राहत उपलब्ध गराउन प्रमुख जिल्ला अधिकारी मार्फत जिल्ला विपद् व्यवस्थापन समितिलाई निर्देशन दिने ।

(ख) विपद्का घटनाबाट पीडितहरुलाई राहत सहयोग उपलब्ध गराउने प्रयोजनका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषबाट केन्द्रीय विपद् व्यवस्थापन कोष (साविक केन्द्रीय दैवी प्रकोप उद्धार कोष) मा एक अर्ब रुपैयाँ निकासा उपलब्ध गराउने।

३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— संघमा रहने मन्त्रालय अन्तर्गतका विभागहरूको संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने।

४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गतका केन्द्र र केन्द्रीय अस्पतालहरूको संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।

५. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय— नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष महेशराज दाहालको राजीनामा स्वीकृत गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

OPMCM

सम्बत् २०७५ साल वैशाख २४ गते सोमबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— थाइल्याण्डको राजधानी बैंङ्ककमा UNESCAP को ७४ औं बैठकमा भाग लिन राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा. डा. पुष्पराज कंडेलको नेतृत्वको प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति दिने ।

२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— भूपरिवेष्टित विकासोन्मुख मुलुकहरूको मन्त्रीस्तरीय बैठकमा माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री सहभागी हुने ।

३. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— नेपाल न्याय सेवा, कानून समूहको राजपत्रांकित प्रथम श्रेणीका अधिकृतहरूको सरुवा तथा नेपाल न्याय सेवा, न्याय र कानून समूहको राजपत्रांकित प्रथम श्रेणीको पदमा नियुक्ति एंव पदस्थापन गर्ने ।

४. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय— विश्व पशु स्वास्थ्य संगठनको ८६ औं महासभामा सचिव श्री प्रकाश माथेमा र पशु सेवा विभागका महानिर्देशक डा. विमल कुमार निर्मललाई सहभागी हुन स्वीकृति दिने ।

५. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय— 20th International Agricultural Exhibition Aristech 2018 मा मा. मन्त्रीलाई सहभागी हुन स्वीकृति दिने ।

६. गृह मन्त्रालय— काभ्रेपलान्चोक जिल्लाको साविक घर्तिछाप गा.वि.स.मा रहेको इलाका प्रशासन कार्यालय हाल महाभारत गाउँपालिका कायम भई केन्द्र रहेको ठाउँ बनखुचौरको देवीटारमा स्थानान्तरण गरी सञ्चालन गर्ने ।

७. गृह मन्त्रालय— कारागार सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्ने सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने ।

८. परराष्ट्र मन्त्रालय— भारतका प्रधानमन्त्री महामहिम श्री नरेन्द्र मोदीले गर्नुहुने नेपालको राजकीय भ्रमण कार्यक्रम स्वीकृत गर्ने ।

९. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय— चीनको बेईजिंगमा आयोजना हुने "First Shanghai Co-operation Organization Women's Forum" कार्यक्रममा सहभागी हुन माननीय मन्त्रीको नेतृत्वमा संघीय संसदका माननीय सदस्य गोमा देवकोटासमेतलाई सहभागी हुन स्वीकृत दिने |

१०. रक्षा मन्त्रालय— नेपाली सेनाका प्रधान सेनापति राजेन्द्र क्षत्रीसमेतको भ्रमण दललाई मित्रराष्ट्र पाकिस्तानको औपचारिक भ्रमणमा सहभागी हुन स्वीकृति दिने ।

११. रक्षा मन्त्रालय— प्राविधिक प्रमुख सेनानी प्रद्युम्न भक्त महर्जनलाई प्राविधिक महा सेनानी दर्जामा पदोन्नति गर्ने ।

१२. वन तथा वातावरण मन्त्रालय— धादिङबेंशी-आरुघाट-गोरखा सडकखण्डको स्तरोन्नतिका लागि वन क्षेत्र प्रयोग गर्न दिने ।

१३. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय— वैदेशिक रोजगार सम्बन्धी मागपत्र जाँचवुझ निर्देशिका, २०७५ स्वीकृत गर्ने ।

१४. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय— स्वीट्जरल्यान्डको जेनेभामा आयोजना हुने अन्तर्राष्ट्रिय श्रम संगठनको १०७ औ सम्मेलनमा नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व गर्न माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीको नेतृत्वमा प्रतिनिधिमण्डल गठन गर्ने ।

१५. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— नेपाल भ्रमण वर्ष, २०२०, मुल आयोजक समितिको पुर्नगठन तथा संशोधित कार्यक्षेत्र स्वीकृत गर्ने ।

१६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय—पशु सेवा विभाग, हरिहरभवनमा कार्यरत लेखापाल श्री लंकनारायण श्रेष्ठलाई उपचार खर्च रु५ .,००,००० -/थप आर्थिक सहायता दिने।

१७. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय — नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशक श्री कामिनी राजभण्डारीलाई कार्यसम्पादन सम्झौताअनुसारको न्यूनतम सूचकाङ्क हासिल नगरेको साथै निजले सन्तोषजनक रूपमा काम नगरेको आधार र कारणसमेत खुलाई नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, सञ्चालक समितिको बैठकले नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशकको नियुक्ति र सेवा सुविधा सम्बन्धी निर्देशिका, २०७२ को दफा ११ को खण्ड (क) बमोजिम सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत नेपाल सरकारसमक्ष सिफारिस गरेको हुँदा निजलाई ७ दिनको म्याद दिई स्पष्टीकरण (सफाई) माग गर्ने ।

१८. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— मेसिडोनियाको स्कोप्जेमा भएको कार्यक्रममा सहभागी भएका स्वास्थ्य तथा जनसंख्या सचिवको भ्रमण समर्थन गर्ने ।

१९. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— स्वीजरल्याण्डको जेनेभामा हुने विश्व स्वास्थ्य संगठनको महासभामा स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्रीको नेतृत्वको ६ सदस्यीय प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति दिने ।

२०. चितवन, भरतपुर-११ का ध्रुव घिमिरेलाई उपचार खर्च वापत सात लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

सम्बत् २०७५ साल वैशाख १४ गते शुक्रबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम संवत् २०७५ साल वैशाख २३ गते आइतबारका दिन १६:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँबानेश्वरमा संघीय संसद्को अधिवेशन आह्वान हुन नेपालको संविधानको धारा ६६ को उपधारा (२) बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - वैदेशिक रोजगार न्यायाधिकरणको रिक्त सदस्य पदमा सह-न्यायाधिवक्ता श्री रमादेवी पराजुलीलाई तोक्ने।

३. अर्थ मन्त्रालय - भन्सार ऐन, २०६४ को दफा (३) बमोजिम भारत सरकारको सहयोगमा वीरगञ्जमा निर्माण भई नेपाल सरकारलाई हस्तान्तरण भएको एकीकृत भन्सार जाँच चौकि (Integrated Customs Check Post-ICP) को भन्सार क्षेत्र निर्धारणसम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने।

४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यालय— 60th Session of the APO Governing Body को बैठकमा उद्योग सचिवले भाग लिने ।

५. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय— The annual review and planning workshop of the ICAR-IRRI Collaborative Project "Stress Tolerance Rice for Africa and South Asia (STRASA)" मा सहभागी हुन स्वीकृति दिने।

६. गृह मन्त्रालय— आन्तरिक शान्ति र सुव्यवस्था सम्बन्धी विधेयक तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति दिने।

७. रक्षा मन्त्रालय— पाईलट सहायक रथी धनेन्द्र बहादुर शाहको पदावधि थप गर्ने ।

८. वन तथा वातावरण मन्त्रालय—२ वटा प्रादेशिक सडकहरूको स्तरोन्नति गर्नका लागि वन क्षेत्र प्रयोग गर्न दिने ।

९. वन तथा वातावरण मन्त्रालय— रा.प. प्रथम श्रेणीको सहसचिव (प्रा) वा सोसरहको पदमा श्री बद्रिराज ढुंगानासमेतलाई बढुवा नियुक्ति गर्ने।

१०. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय— चीनको बेइजिङमा हुने SCO Workers Skills Exchange Camp मा भाग लिन स्वीकृति दिने ।

११. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— लुम्बिनी, कपिलवस्तु क्षेत्रका पुरातात्विक महत्वका वस्तुहरू प्रदर्शनीका लागि श्रीलंका पठाउने ।

१२. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय— नेपाल दुरसञ्चार प्राधिकरणलाई निर्देशन दिने विषयको प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

सम्बत् २०७५ साल वैशाख ११ गते मङ्गलबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५ स्वीकृत गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— सार्वजनिक खरिद पुनरावलोकन समितिको अध्यक्षमा गुणराज श्रेष्ठलाई नियुक्त गर्ने ।

३. अर्थ मन्त्रालय— नेपाल राष्ट्र बैंकको सञ्चालक पदमा डा.सुवोध कुमार कर्णलाई नियुक्ति गर्ने ।

४. अर्थ मन्त्रालय— रानी जमरा कुलरिया सिंचाई आयोजनाको दोस्रो चरणको लागि विश्व बैंक समूहको अन्तर्राष्ट्रिय विकास संस्था (IDA) बाट प्राप्त हुने करिब रु.६ अर्ब ८६ करोड ऋण सहायता स्वीकार गर्ने।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठानको मातहतमा रहेको The Fred Hollows Intraocular Lens Laboratory को लेन्स उत्पादन क्षमता वृद्धिका लागि प्रविधि आयातमा सहयोग गर्न शर्तसहित नेपाल आँखा कार्यक्रमलाई रु. १० करोड अनुदान दिने ।

६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— नेपाल-भारत अन्तर सरकारी समिति (IGC) मा भाग लिन वार्ता टोली गठन गर्ने ।

७. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय - दूरसंचार नियमावली, २०५४ को नियम २७ को उपनियम (१) को खण्ड (क) बमोजिमको पुनरावेदन समितिको अध्यक्षमा न्याय सेवा आयोगको सिफारिस बमोजिम न्याय परिषद्का सचिव श्री नृपध्वज निरौलालाई तोक्ने ।

८. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

९. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (पहिलो संशोधन) अध्यादेश, २०७५ जारी गर्न सम्माननीय राष्ट्रपतिज्यूसमक्ष सिफारिस गर्ने ।

१०. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— संघीय संसदका महासचिव, प्रतिनिधि सभाका सचिव तथा राष्ट्रिय सभाका सचिवको योग्यता, पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७५ जारी गर्न सम्माननीय राष्ट्रपतिज्यूसमक्ष सिफारिस गर्ने ।

११. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय— व्यवस्थित बसोबास आयोग आदेश, २०७३ खारेज गर्ने र सो आदेश बमोजिम गठित व्यवस्थित बसोबास आयोग र जिल्ला बसोबास व्यवस्थापन समितिहरू विघटन गर्ने ।

१२. गृह मन्त्रालय— सार्वजनिक सुरक्षा ऐन, २०४६ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद समक्ष पेश गर्न स्वीकृति दिने ।

१३. गृह मन्त्रालय— सार्वजनिक हितको लागि आवश्यक सेवामा हडताल गर्न निषेध गर्ने सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने ।

१४. गृह मन्त्रालय— राष्ट्रिय सभा सदस्यको निर्वाचन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७५ जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने ।

१५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— China-Nepal Railway Techical Exchange and Negotiation for Railway Development in Nepal विषयक कार्यक्रममा सहभागी हुन स्वीकृति दिने।

१६. रक्षा मन्त्रालय— सहायक रथी विश्वनाथ घिमिरे समेत १७ जना सहायक रथीहरू तथा महा सेनानी सुरेश कुमार बानिया समेत ३२ जना महा सेनानीहरूलाई सरुवा गर्ने ।

१७. रक्षा मन्त्रालय— राष्ट्र सघंको Trust Fund for the Victims of Sexual Exploitation and Abuse मा नेपाल सरकारको तर्फबाट आर्थिक सहयोग स्वरुप अमेरिकी डलर पाँच हजार यु.एस.डलर उपलब्ध गराउन स्वीकृति दिने ।

१८. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय— राष्ट्रिय चिकित्सा शिक्षा अध्यादेश, २०७५ जारी गर्न सम्माननीय राष्ट्रपतिज्यूसमक्ष सिफारिस गर्ने ।

१९. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय— श्रीलंकाको कोलम्बोमा हुने Abu Dhabi Dialogue को उच्चस्तरीय अधिकारीहरुको बैठकमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव श्री महेश प्रसाद दहालको नेतृत्वमा तीन सदस्यीय प्रतिनिधिमण्डललाई भाग लिन स्वीकृति दिने|

२०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजना निर्माणका लागि उच्चस्तरीय सहजीकरण समिति गठन गर्ने ।

२१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय दयाराम पोखरेल समेतलाई थप आर्थिक सहायता उपलब्ध गराउने ।

२२. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— नेपाल स्वास्थ्य सेवाको एघारौं तहमा डा.रवीन्द्र कुमार ठाकुरसमेतलाई बढुवा नियुक्ति गर्ने ।

२३. राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा प्रा.डा. पुष्पराज कडेंल र सदस्यमा देहायबमोजिम नियुक्त गर्ने-

१. डा. कृष्णप्रसाद ओली, काठमाडौं
२. डा. उषा झा, महोत्तरी
३. डा. दिलबहादुर गुरूङ, लमजुङ्ग
४. ई. सुशील भट्ट, ललितपुर
५. श्री मीनबहादुर शाही, कालिकोट
६. डा. रामकुमार फुयाँल, सिन्धुली

२४. बैद्यनाथ धाम, अछामलाई वेद विद्याश्रमको स्तरोन्नतिको लागि वीस लाख रूपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

२५. देहाय व्यक्तिहरूलाई निम्नानुसार आर्थिक सहायता उपलब्ध गराउने -

१. श्री लव प्रधान "मित्र" विराटनगर-९ (उपचार खर्च) — दश लाख रूपैयाँ ।
२. श्री विश्वेश्वरा दाहाल (उपचार खर्च) — सात लाख रूपैयाँ) ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

सम्बत् २०७५ साल वैशाख ४ गते मङ्गलबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. पूर्ववर्ती सरकारको कार्यकालमा दर्ता भएका प्रस्ताव परिवर्तित सन्दर्भमा मन्त्रिपरिषद् र मन्त्रिपरिषद्का विभिन्न समितिहरूमा प्रक्रियामा रहेका वा प्रक्रियामा नलगिएका सम्पूर्ण प्रस्तावहरू फिर्ता गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) (पहिलो संशोधन) आदेश, २०७५ स्वीकृत गर्ने ।

३. अर्थ मन्त्रालय— चिनीको भन्सार महसुल वृद्धि गर्ने र सोको सूचना अतिरिक्ताङ्क गरी नेपाल राजपत्रमा प्रकाशन गर्ने ।

४. अर्थ मन्त्रालय — कर्मचारी सञ्चय कोषको प्रशासक पदमा श्री तुलसी प्रसाद गौतमलाई नियुक्त गर्ने ।

५. अर्थ मन्त्रालय — विदेशी विनिमय व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अवधारणापत्रको सैद्धान्तिक सहमति दिने ।

६. अर्थ मन्त्रालय — आर्थिक कार्यविधि (पहिलो संशोधन) नियमावली, २०७५ स्वीकृत गर्ने ।

७. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय— राजपत्रांकित प्रथम श्रेणी सहसचिव वा सो सरहको पदमा प्रकाश जोशी र करुणा के.सी.लाई नियुक्ति गर्ने ।

८. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय— राजपत्रांकित प्रथम श्रेणी सहसचिव वा सो सरहको पदमा बेनु प्रसाद प्रसाई, मदनसिंह धामी, उमेश दाहाल, सावित्री बराल र जनकराज जोशीलाई नियुक्ति गर्ने।

९. गृह मन्त्रालय— यातायात क्षेत्रसँग सम्बन्धित संघ, संस्थाहरूको दर्ता तथा नवीकरण नगर्ने ।

१०. गृह मन्त्रालय— आन्तरिक सुरक्षा व्यवस्था समन्वय सम्बन्धी निर्देशन विषयको गृह मन्त्रालयको नं. ८/१-०७५/१/२ को प्रस्ताव — प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

११. गृह मन्त्रालय— विभूषण समितिमा सदस्यहरू तोक्ने ।

१२. परराष्ट्र मन्त्रालय— परराष्ट्र मन्त्रीबाट भएको जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमण समर्थन गर्ने।

१३. रक्षा मन्त्रालय— प्राड सहायक रथी रत्न प्रकाश थापाको पदावधि थप गर्ने ।

१४. रक्षा मन्त्रालय— महा सेनानी अरुण कुमार पाल समेत ४ जना महासेनानीहरूलाई सहायक रथी दर्जामा पदोन्नति गर्ने।

१५. रक्षा मन्त्रालय— पाईलट प्रमुख सेनानी किरण थापालाई पाईलट महा सेनानी दर्जामा पदोन्नति गर्ने ।

१६. वन तथा वातावरण मन्त्रालय— माथिल्लो त्रिशुली-१ जलविद्युत आयोजनाको लागि थप वन क्षेत्र प्रयोग गर्न दिने ।

१७. वन तथा वातावरण मन्त्रालय— नेपाल सेनालाई वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने ।

१८. वन तथा वातावरण मन्त्रालय— माननीय वन तथा वातावरण मन्त्री शक्तिबहादुर बस्नेतबाट हुने न्यूयोर्क भ्रमण स्वीकृत गर्ने ।

१९. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— चीनमा आयोजना हुने नेपाल पर्यटन मेला र Nepal Sales Mission कार्यक्रममा सहभागी हुन सचिवलाई स्वीकृति दिने।

२०. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— राजपत्राङ्कित विशिष्ट श्रेणीको प्रमुख सचिव पदमा सहसचिव श्री रामप्रसाद थपलियालाई कायम मुकायम मुकरर गर्ने ।

२१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— जिल्ला शिक्षा कार्यालय चितवनमा कार्यरत उप-जिल्ला शिक्षा अधिकारी श्री भक्तबहादुर सेन्च्युरीलाई उपचार खर्च रु.५,००,०००/- थप आर्थिक सहायता दिने।

२२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— जिल्ला वन कार्यालय, ओखलढुङ्गामा कार्यरत कार्यालय सहयोगी श्री कविता खत्री लाई उपचार खर्च रु.५,००,०००/- थप आर्थिक सहायता दिने।

२३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— संघमा रहने मन्त्रालय अन्तर्गतका विभागहरूको संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने ।

२४. सहरी विकास मन्त्रालय—

क) काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा ५ को उपदफा ५.२ बमोजिम काठमाडौं उपत्यका विकास प्राधिकरणको भौतिक विकास समितिले स्वीकृत गरेको भौतिक विकास योजना (वाहिरी चक्रपथको विस्तृत योजना प्रतिवेदन (Detail Project Report – DPR) स्वीकृत गर्ने।

ख) काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा ११ बमोजिम नेपाल राजपत्रको भाग ५ खण्ड ६७ संख्या ८ मा प्रकाशित सहरी विकास मन्त्रालयको सूचनामा उल्लिखित ४ किल्ला भित्रको जग्गा बाहिरी चक्रपथको चोभार सतुङ्गल खण्डको प्रस्तावित ६.६ कि.मी. सडक निर्माण एवं उक्त चक्रपथको दाँया/वाँयाका जग्गालाई जग्गा एकीकरण माध्यमबाट विकास गरी भौतिक विकास योजना सञ्चालन गर्न काठमाडौं उपत्यका विकास प्राधिकरणलाई उपलब्ध गराउने ।

२५. भारतमा उपचाररत प्रतिनिधि सभाका माननीय सदस्य महन्थ ठाकुरलाई हालको उपचारको क्रममा अस्पतालको वीलबमोजिमको उपचार खर्च भारतको नयाँ दिल्लीस्थित नेपाली राजदूतावास मार्फत उपलब्ध गराउने । उक्त रकम अर्थ मन्त्रालयले परराष्ट्र मन्त्रालयलाई निकासा दिने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।